श्री

उच्च अदालत सुर्खेत

**वाणिज्य इजलास**

माननीय न्यायाधीश श्री राजेन्द्र सुवेदी

माननीय न्यायाधीश श्री राजेन्द्र खरेल

**फैसला**

मुद्दा नं. ०७६-FJ-०००३, र.नं. १४-०७६-००६७१

निर्णय नं.- ८

**मुद्दाः- वैंकिङ कसुर**

सुदिप वि.क.को जाहेरीले नेपाल सरकार ...............................................पुनरावेदक/वादी

**विरुद्ध**

जिल्ला रुकुम चौरजहारी नगरपालिका वडा नं.१ चौरजहारी बस्ने
हरिभक्त ओली क्षेत्रीको छोरा वर्ष ४६ को प्रेमप्रकाश ओली क्षेत्री................प्रत्यर्थी/प्रतिवादी

**वादीका साक्षी**

जाहेरवाला सुदिप वि.क.

**प्रतिवादीका साक्षी**

**अदालतबाट बुझेको**

सुदिप वि.क.

न्याय प्रशासन ऐन,२०७३ को दफा ८(२) बमोजिम यस अदालतको क्षेत्राधिकार भित्र परी दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार रहेकोछ।

## मुद्दाको संक्षिप्त तथ्य

1. प्रतिवादी प्रेम प्रकाश वली क्षेत्रीले जिल्ला रुकुम पश्चिम चौरजहारी नगरपालिका वडा नं. १ र २ को सिमानामा पर्ने बसपार्कको पर्खाल निर्माण गर्ने भनी म पेटी ठेकेदारलाई जिम्मा दिई मैले लेवरहरु लगाई सो काम सम्पन्न गरी निज प्रतिवादीबाट पाउनु पर्ने एकमुष्ठ हिसाव रु. ७,२३,७५०।- (अक्षेरुपी सात लाख तेईस हजार सात सय पचास) मात्र देखिन आएकोले सो रकम भुक्तानी दिनुपर्‍यो भन्दा निजले हुन्छ भन्दै आलटाल गर्दै आईरहेका थिए। सोही क्रममा मैले काम गराएका लेवरहरुले मसँग पटक-पटक पैसा माग गरेपछि मैले बाध्य भई पुनः प्रतिवादीसँग भेट गरी मलाई तपाईले दिनुपर्ने रुपैयाँ दिनुहोस मलाई लेवरहरुले अफ्ठयारो पार्न थाले भनी आग्रह गर्दा निजले मसँग नगद छैन भनी प्रतिवादी प्रेम प्रकाश वलीको नाममा रहेको आफ्नो NIC ASIA बैंङ्कको खाता नम्बर २०८७९७५७७६८५२४०१ मा नगद रुपैंयाँ जम्मा गरेको छु । तपाईलाई तिर्नु पर्ने पुग्ने रकम सोही बैंकको खातामा छ। म तपाईको नाममा चेक काटिदिन्छु। जुनसुकै बैंकबाट रकम निकाली भुक्तानी लिन सक्नु हुन्छ भन्ने विश्वास दिलाई निजले मिति २०७५।०६।१५ गते दिउँसो मलाई निज प्रतिवादीले १४४०७२९ नम्बरको चेक काटी दिई आफूले सो चेकमा हस्ताक्षर समेत गरी विश्वासमा परी मिति २०७५।०६।१५ गते लक्ष्मी बैंक लिमिटेड चौरजहारी शाखामा गई सो चेक पेश गरी भुक्तानी लिन खोज्दा निजको खातामा चेकमा लेखिए अनुसार प्रर्याप्त रकम मौज्दात नभएकोले भुक्तानी दिन सकिदैन भनी बैंकले चेक बाउन्स गरी फिर्दा पठाई दिएकोले मैले पुनः निजलाई भेटी तपाईको खातामा चेकमा उल्लेखित रकम प्रर्याप्त नभएको कारण बैंकले चेक फिर्ता गरी दियो, सो रकम तपाईले आफ्नो खातामा जम्मा गरी दिनुहोस भनी अनुरोध गर्दा निजले म उक्त रकम छिटै जम्मा गरिदिन्छु भनि विश्वास दिलाएकोले म विश्वासमा परी अब रकम जम्मा गरी दिए होलान भनी पुनः मिति २०७५।०९।२२ गते सोही वैंकमा गई सोही चेक पेश गरी भुक्तानी लिन खोज्दा समेत सो खातामा प्रर्याप्त रकम नभएको कारण पुनः चेक बाउन्स भई फिर्ता आएकोले सो कुरा समेत प्रतिवादीलाई जानकारी गराएको थिए। तत्पश्चात समेत निजले मलाई म भोलीनै खातामा पैसा जम्मा गरी दिन्छु तपाईले भुक्तानी लिन सक्नु हुन्छ भन्ने विश्वास दिलाएकोले निजले सो रकम जम्मा गरिदिए होलान भनि म पुनः मिति २०७५।०९।२५ गते NIC ASIA बैंङ्कको जाजरकोट शाखामा गई चेक

पेश गरी रकम भुक्तानी लिन खोज्दा समेत खातामा प्रर्याप्त रकम नभई चेक बाउन्स भई फिर्ता आएकोले मैले सो कुरा समेत प्रतिवादीलाई जानकारी गराउँदा निजले मलाई तैले सकेको गर म रुपैँया पैसा दिंदैन भनी धाकधम्की समेत दिएकोले प्रतिवादीले मलाई आफ्नो खातामा प्रर्याप्त रकम मौज्दात नभएकोले थाहा जानकारी पाउँदा पाउँदै मेरो नाममा चेक काटी बैंकिङ कसूर गरेको थाहा जानकारी हुन आएकोले म अन्यायमा गरेकोले निज प्रतिवादीलाई पक्राउ गरी वैंकिङ कसूर तथा सजाय ऐन २०६४ अन्तरगत कारवाही गरी मैले पाउनु पर्ने रकम समेत प्रतिवादीबाट दिलाई भराई पाउँ भन्ने व्यहोराको सुदिप वि.क.को जाहेरी दरखास्त।

2. उक्त चेक पेश हुँदा प्रतिवादी प्रेम प्रकाश वलीको खातामा चेक रकमलाई खाम्ने रकम मौज्दात नरहेको भन्ने व्यहोरा सहितको मिति २०७५।०६।१५ गते, मिति २०७५।०९।२२ गते र मिति २०७५।१२।०७ गतेका लक्ष्मी बैंक लिमिटेडको भाउचरहरु मिसिल सामेल रहेको ।

3. यसमा सुदिप वि.क.को जाहेरीले नेपाल सरकार प्रतिवादी प्रेमप्रकाश वली भएको वैंकिङ्ग कसूर मुद्दामा मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा ९ को उपदफा (२) वमोजिम प्रतिवादीलाई पक्राउ गर्ने अनुमती पाउँ भनी जिल्ला प्रहरी कार्यालय रुकुमको च.नं.१६०० मिति २०७५।१२।१२ को पत्रसाथ पेश भएका कागज अध्ययन गरियो। प्रतिवादी प्रेमप्रकाश वलीले रुकुम पश्चिम चौरजहारी वसपार्कको पर्खाल निर्माणको ठेक्का लिई म पेटि ठेकेदारलाई जिम्मा दिई मैले लेबर लगाई सो काम सम्पन्न गरी निज प्रतिवादीबाट पाउनु पर्ने रकम रु.७,२३,७५०।- माग गर्दा निज प्रतिवादीले NIC एसिया वैंक र लक्ष्मी वैंक लिमिटेड दुई वटा बैंकमा चेक काटि दिएकोमा उल्लेखित बैंकमा जाँदा चेकमा उल्लेखित रकम मौजदात नभएको कारणले बैंकले चेक बाउन्स भएको पत्रसमेत दिएकाले अन्यायमा परी निज प्रतिवादीलाई बैंङ्किङ कसूर तथा सजाय ऐन, २०६४ बमोजिम कारवाही गरिपाउँ भनी जाहेरी दरखास्त परी मुद्दाको उठान गर्न प्रतिवादीलाई पक्राउको लागी सो मितिको पत्रबाट अनुमति माग गरिएको रहेछ। पत्रबाट माग गरिए वमोजिम अनुमती दिनु पर्ने हो होइन भनी विचार गर्दा विनिमय अधिकार पत्र ऐन, २०३४ को दफा १०७ क मा "**बैंकमा आफ्नो निक्षेप छैन वा निक्षेप भए पनि प्रयाप्त छैन भन्ने जानी जानी कुनै व्यक्तिले चेक काटी कसैलाई हस्तान्तरण गरेमा र त्यसरी हस्तान्तरणमा गरिएको चेक भुक्तानीको लागि सम्बन्धित बैंङ्क समक्ष प्रस्तुत गर्दा प्रयाप्त निपेक्ष नभएको कारणबाट बैंकबाट चेक अनादर भएमा चेक काट्ने व्यक्तिबाट चेकमा उल्लेखित**

**रकम व्याजसमेत धारकलाई भराई चेक काट्ने व्यक्तिलाई तीन महिना सम्म कैद वा तीन हजार सम्म जरिवाना वा दुवै सजाय हुनेछ"** भन्ने कानुनी व्यवस्था रहेको पाइन्छ। उक्त दफा १०७ क अन्तरगतको मूद्दा नेपाल सरकार वादी नभई व्यक्तिवादी भएर दर्ता हुन्छ। मिति २०७३।०६।१८ मा वैंङ्किङ कसूर तथा सजाय ऐन, २०६४ मा भएको पहिलो संसोधनले विनिमय अधिकार पत्र ऐनको उक्त दफा १०७ क लाई संसोधन वा खारेज नगरी यथावत रुपमा रहेको पाइन्छ। कानुन निर्माणको क्रममा विधायिकाले आवश्यक ठानेको कुनै कानुनलाई समग्ररुपमा र कुनै कानुनका केही प्रावधानलाई पछि बनाईएको कानूनद्वारा खारेज गर्दछ। पछिल्लो कानूनद्वारा खारेज गरिएको पहिलो कानुनी प्रावधान खारेजी पश्चात अस्तित्व विहिन हुन्छ तर विधायिकाले त्यसरी खारेज नगरेसम्म त्यस्तो कानूनी प्रावधान यथावत रुपमा लागू रहेको मानिन्छ। तत् सम्बन्धमा विचार गर्दा २०३४ सालमा बनेको विनिमय अधिकार पत्र ऐनमा २०३९ मा भएको संसोधनबाट थप गरिएको उक्त दफा १०७ क को कानुनी प्रावधान २०६४।१०।२३ मा लागु भएको बैंङ्किङ कसूर तथा सजाय ऐनको निर्माण हुँदा वा उक्त ऐनमा मिति २०७३।०६।१८ मा गरिएको पहिलो संसोधन पश्चात विधायिकाले आवश्यक नठानी खारेज गर्ने मनसाय भए प्रष्टरुपमा उक्त दफा १०७ क लाई खारेज गर्नुपर्नेमा विधायिकाले खारेज नगरी उक्त दफा आवश्यक ठानी कायमै राखेको पाईन्छ। उक्त दफा १०७ क को कानुनी व्यवस्था खारेज नभई सोको प्रयोजन यथावतरुपमा रहेकोले त्यसले समेट्ने व्यवस्थालाई सोही अनुरुप लागु गर्नुपर्ने हुँदा चेक अनादर भएको विषयमा सोही ऐनको दफा  १०७ क को कानुनी प्रावधान नै आकर्षित हुने देखिन्छ।

उक्त दफा १०७ क वमोजिम व्यक्तिवादी भई जिल्ला अदालतमा दायर भएका कतिपय मुद्दाहरु पुनरावेदनको रोहका यस अदालतबाट फैसला भएका र कतिपय मुद्दाहरु हाल विचाराधिन अवस्थामासमेत रहेका छन।प्रतिवादीलाई पक्राउका लागि माग गरिएको तथ्यमा सोही दफा १०७ क लागु भई चेक अनादरमा मुद्दा चल्ने र उक्त दफा अन्तरगतको मुद्दा तत्कालिन सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ तथा हाल प्रचलित मुलुकी फौजदारी कार्यविधि(संहिता) ऐन, २०७४ को दफा ९(३) अनुसार पक्राउ पूर्जी जारी गर्न अनुमती प्रदान गर्न मिल्ने देखिएन। तसर्थ पत्रसाथ पेश भएका सबै कागजातहरुको प्रतिलिपि यस अदालतमा राखी यो आदेश र पेश भएका कागजातहरु सम्बन्धित प्रहरी कार्यालयमा पठाईदिनुहोला भन्ने समेत व्यहोराको यस अदालतको मिति २०७५।१२।१४ गतेको आदेश।

4. वैंकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा २ को ख वमोजिम वैंकिङ्ग कसूर भन्नाले परिच्छेद-२ बमोजिमको कसूर सम्झनु पर्दछ भनी भनेको र दफा ३ को खण्ड ग मा "आफ्नो खातामा मौज्दात रकम नभएको जानी जानी चेक काटी दिन" हुँदैन त्यो भएमा वैंकिङ्ग कसूर हो भनी भनेको साथै दफा १८ मा "यस ऐन अन्तरगत सजाय हुने मुद्दा नेपाल सरकारवादी हुनेछ र त्यस्तो मुद्दा सरकारवादी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसुची-१ मा समावेश भएको मानिनेछ।" भनी प्रष्ट उल्लेख भइरहेको अवस्था छ । विनिमय अधिकार पत्र ऐन, २०३४ को दफा १०७ (क) मा "बैंकमा आफ्नो निक्षेप छैन भन्ने जानि जानी कुनै व्यक्तिले चेक काटी हस्तान्तरण गरेमा तीन महिनासम्म कैद वा तीन हजार रुपैंयासम्म जरिवाना वा दुवै सजाय हुनेछ।" भन्ने व्यवस्था गरेको र वैंकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा ३ को खण्ड(ग) को कसूर बैंकिङ्ग कसूर र दफा १८ ले नेपाल सरकारवादी भई चल्ने छ भन्ने प्रष्ट व्यवस्था भएकोमा कानून व्याख्याको नियमले पहिले बनेको कानूनलाई संसोधन वा खारेज केही नगरे पनि पछिल्लो कानुन लागु हुनेछ भन्ने कानून व्याख्याको नियम विपरित भएको आदेश त्रुटीपूर्ण भई वदरभागी छ भन्ने समेत व्यहोराको वादी नेपाल सरकारको निवेदन पत्र।

5. यसमा प्रतिवादी प्रेमप्रकाश वलीका विरुद्ध वैंकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ वमोजिम कारवाही गरी पाउन किटानी जाहेरी परी निजलाई पक्राउ गरी अनुसन्धानको काम अगाढी बढाउन पक्राउ पूर्जी जारी गर्न अनुमति माग गरेको विषयलाई विनिमय अधिकार पत्र ऐन, २०३४ को दफा १०७ क को हवाला दिई पक्राउ पूर्जी जारी गर्न मिल्ने देखिएन भनी ताँहा अदालतबाट मिति २०७५।१२।१४ मा भएको आदेश बेरित पूर्ण देखिँदा वदर गरिदिएको छ। अव निज प्रतिवादी उपर परेको जाहेरी वमोजिम वैंकिङ्ग कसूर मूद्दामा कानून वमोजिम अनुसन्धान कार्य अगाडी वढाउन पक्राउ पूर्जी जारी गर्न अनुमति लगायत जे जसो गर्नु पर्ने हो गर्नुहोला भन्ने समेत व्यहोराको सर्वोच्च अदालतको मिति २०७६।१०।१० गतेको आदेश।

6. यसमा साधसोधको लागी पेश भएको प्रस्तुत मुद्दामा जिल्ला प्रहरी कार्यालय रुकुम पश्चिमलाई सक्कल मिसिल लिई आउनु भनी जानकारी गराई आएपछि नियमानुसार पेश गर्नु भन्ने समेत व्यहोराको यस अदालतको मिति २०७६।११।०७ गतेको आदेश।

7. यसमा जिल्ला प्रहरी कार्यालय रुकुम पश्चिमबाट मिति २०७५।१२।१२ मा जिल्ला रुकुम पश्चिम चौरजहारी नगरपालिका वडा नं. १ चौरजहारी वजार बस्ने हरिभक्त वलिको छोरा अं. वर्ष ४६ को प्रेम प्रकाश वलीलाई पक्राउ गर्न पक्राउ पूर्जि जारी गर्न अनुमती पाउँ भनी माग भई आएकोमा यस अदातलबाट मिति २०७५।१२।१४ गते मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९(३) अनुसार पक्राउ पूर्जि जारी गर्न अनुमती प्रदान गर्न मिल्ने देखिएन भनी आदेश भएको देखिन्छ। उक्त आदेश उपर नेपाल सरकारको सम्मानीत सर्वोच्च अदालतमा मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ को दफा ७३ बमोजिम निवेदन परी सम्मानीत सर्वोच्च अदालतबाट यस अदालतको उक्त आदेश वदर भई प्रस्तुत मुद्दामा कानून बमोजिम अनुसन्धान अगाडी वढाउन पक्राउ पूर्जि जारी गर्न अनुमति लगायत जो जसो गर्नुपर्ने हो गर्नुहोला भनी आदेश भई उक्त आदेश प्राप्त भए पश्चात यस अदालतबाट जिल्ला प्रहरी कार्यालय रुकुम पश्चिमलाई सक्कल मिसिल लाई आउनु भनी मिति २०७६।११।०७ मा  आदेश भई प्रस्तुत मिसिल प्राप्त भई आएको देखियो।

८. जिल्ला प्रहरी कार्यालय रुकुम पश्चिमको च. नं.१६०० मिति २०७५।१२।१२ को पत्रानुसार बैंङ्किङ कसूर अन्तरगत निवेदन माग बमोजिम देहायको व्यक्तिको नाममा मुलुकी फौजदारी कार्याविधि संहिता, २०७४ को दफा ९ को उपदफा ३ बमोजिम पक्राउ पूर्जिमा जारी गर्ने अनुमति दिइएको छ। साथै प्राप्त हुन आएको प्रस्तुत मुद्दाको सक्कल मिसिल सम्बन्धित प्रहरी जिम्मा लगाई पठाईदिनु भन्ने समेत व्यहोराको यस अदालतको मिति २०७६।११।२८ गतेको आदेश।

9. वारदात मिति र समयमा म आफ्नै घरमा थिए। जाहेरवाला सुदिप वि.क. प्रतिवादी प्रेमप्रकाश वली क्षेत्री दुवै जनालाई म राम्रोसँग चिन्दछु। जाहेरवाला सुदिप वि.क.ले गाउँ घरमा स-साना ठेक्का पट्टाको काम गर्ने र प्रतिवादी प्रेम प्रकाश वली क्षेत्रीले समेत ठेक्का पट्टाको काम गर्ने हुनाले मिति २०७४।०८।०२ गते प्रतिवादी प्रेम प्रकाश वलीले जाहेरवालासँग भेटघाट गरी जिल्ला रुकुम चौरजहारी नगरपालिकाको वडा नं.१ र २ को सिमानामापर्ने वसपार्कको पर्खाल लगाउनको लागी आफूले जिम्मा पाएकोले सो काम तपाईलाई जिम्मा दिन्छु।तपाईले पुरा गरी दिनुहोस भनेका कारण जाहेरवालाले पेटी ठेकेदारको रुपमा सो कामको जिम्मा लिई काम सम्पन्न गरेका रहेछन् । सो काम सम्पन्न गरेबापत जाहेरवालाले पाउनु पर्ने रुपैँया माग्दा प्रतिवादी प्रेमप्रकाश वलीक्षेत्रीले जाहेरवालालाई बैंकबाट भुक्तानी लैजानु भनी मिति

२०७५।०६।१५ गते १४४४०७२९ नम्बरको चेकबाट रु.७,२३,७५०।-(सातलाख तेईसहजार सातसय पचास) रुपैंया दिएका रहेछन। जाहेरवालाले सो चेक अनुसारको रकम लिन बैंकमा जाँदा प्रतिवादीको खातामा प्रर्याप्त रकम नभएकोले देखी पटक-पटक जाहेरवालासँग खातामा रकम जम्मा गरिदिनुहोस भनी आग्रह गर्दा समेत निजले अटेर गरेका कारण सो चेक बाउन्स भई आएकोले प्रहरी कार्यालयमा आई लिखित जाहेरी दिएको जाहेरवालाले भनेकोले मैले समेत सुनी थाहा पाएको हूँ। यसरी आफ्नो खातामा प्रयाप्त रकम नभएकोले थाहा जानकारी हुँदा हुँदै चेक काटीदिने प्रतिवादी प्रेम प्रकाश वली क्षेत्रीलाई कानून बमोजिम कारवाही गरी जाहेरावालाले पाउनु पर्ने चेक अनुसारको रकम जाहेरवालालाई दिलाई भराई दिनुपर्छ भन्ने यज्ञ वहादुर खड्काको घटना विवरण कागज।

10. वारदात मिति र समयमा म आफ्नै घरमा थिए। जाहेरवाला सुदिप वि.क. प्रतिवादी प्रेमप्रकाश वली क्षेत्री दुवै जनालाई म राम्रोसँग चिन्दछु। जाहेरवाला सुदिप वि.क.ले गाउँ घरमा स-साना ठेक्का पट्टाको काम गर्ने र प्रतिवादी प्रेम प्रकाश वली क्षेत्रीले समेत ठेक्का पट्टाको काम गर्ने हुनाले मिति २०७४।०८।०२ गते प्रतिवादी प्रेम प्रकाश वलीले जाहेरवालासँग भेटघाट गरी जिल्ला रुकुम चौरजहारी नगरपालिकाको वडा नं.१ र २ को सिमानामापर्ने वसपार्कको पर्खाल लगाउनको लागी आफूले जिम्मा पाएकोले सो काम तपाईलाई जिम्मा दिन्छु। तपाईले पुरा गरी दिनुहोस भनेका कारण जाहेरवालाले पेटी ठेकेदारको रुपमा सो कामको जिम्मा लिई काम सम्पन्न गरेका रहेछन। सो काम सम्पन्न गरेबापत जाहेरवालाले पाउनु पर्ने रुपँया माग्दा प्रतिवादी प्रेमप्रकाश वलीक्षेत्रीले जाहेरवालालाई बैंकबाट भुक्तानी लैजानु भनी मिति २०७५।०६।१५ गते १४४४०७२९ नम्बरको चेकबाट रु.७,२३,७५०।-(सातलाख तेईसहजार सातसय पचास) रुपैंया दिएका रहेछन। जाहेरवालाले सो चेक अनुसारको रकम लिन बैंकमा जाँदा प्रतिवादीको खातामा प्रर्याप्त रकम नभएकोले देखी पटक-पटक जाहेरवालासँग खातामा रकम जम्मा गरिदिनुहोस भनी आग्रह गर्दा समेत निजले अटेर गरेका कारण सो चेक बाउन्स भई आएकोले प्रहरी कार्यालयमा आई लिखित जाहेरी दिएको जाहेरवालाले भनेकोले मैले समेत सुनी थाहा पाएको हूँ। यसरी आफ्नो खातामा प्रर्याप्त रकम नभएकोले थाहा जानकारी हुँदा हुँदै चेक काटीदिने प्रतिवादी प्रेमप्रकाश वली क्षेत्रीलाई कानून बमोजिम कारवाही गरी जाहेरावालाले पाउनु पर्ने चेक अनुसारको रकम

जाहेरवालालाई दिलाई भराई दिनुपर्छ भन्ने प्रज्वल कुमार पुनको घटना विवरण कागज।

11. प्रतिवादी प्रेम प्रकाश ओली क्षेत्रीले गरेको उक्त कार्य बैंङ्गिग कसूर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) बमोजिमको कसूर हुँदा प्रतिवादी प्रेम प्रकाश ओली क्षेत्रीलाई सोही ऐनको दफा १५(१) बमोजिम विगो रु.७,२३,७५०।-(अक्षेरुपी सात लाख तेईस हजार सात सय पचास) जाहेरवालाको विगो भराई विगो बमोजिम जरिवाना र कैद सजाय हुन साथै अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१(२)र (३) बमोजिम प्रतिवादीबाट क्षतिपूर्ति शुल्क समेत दिलाई भराई पाउँन मागदावी लिई सक्कल मिसिल यसै अभियोग पत्रसाथ पेश गरिएको व्यहोरा सादर अनुरोध छ भन्ने समेत व्यहोराको अभियुक्त उपरको अभियोग पत्र।

12. यसमा प्रतिवादी प्रेमप्रकाश वलीका नाउँमा यस अदालतबाट जारी भएको म्याद मिति २०७७।०५।३१ मा तामेल भएकोमा निजले उक्त म्याद भित्र यस अदालतमा हाजिर नभई म्याद गुजारी प्रतिवादी चुक्ता भै सकेको देखिएकोले अभियोगपत्रमा उल्लेखित वादी पक्षका जाहेरवाला लगायत साक्षीहरुलाई वकपत्रका लागी उपस्थित गराईदिनु भनी उच्च सरकारी वकिल कार्यालय सुर्खेतमा लेखिपठाउनु भन्ने समेत व्यहोराको यस अदालतको मिति २०७७।११।०५ गतेको आदेश।

13. प्रस्तुत मूद्दाका प्रतिवादी प्रेम प्रकाश वली क्षेत्रीलाई चिन्दछु। निजसँग मेरो कुनै नाता, लेनदेन, रिस इवि केही छैन। झूट्टा वकपत्र गरे वापत सजाय पाएको छैन। उक्त जिल्ला प्रहरी कार्यालय रुकुम पश्चिममा दिएको जाहेरी दरखास्त मैले दिएको हो। उक्त जाहेरी दरखास्तको वेहोरा र सो मा परेको सहि छाप मेरो हो। मैले गरेको वकपत्रको सम्पूर्ण वेहोरा पढी वाची सुनाउँदा सुने। मैले भने वमोजिम लेखिएको ठिक छ। प्रस्तुत मुद्दाको सम्बन्धमा मेरो भन्न बाँकी केही छैन। भन्ने समेत व्यहोराको जाहेरवाला सुदिप वि.क.ले गरेको वकपत्र।

14. प्रतिवादी प्रेमप्रकाश वलीका नाउँमा यस अदालतबाट जारी भई मिति २०७५।०५।३१ मा तामेल भएको शुरु समाह्वान म्यादको सक्कलै प्रति रुकुम जिल्ला अदालतबाट झिकाउनु। NIC ASIA बैंक नेपालगन्ज शाखामा रहेको प्रतिवादी प्रेमप्रकाश वलीका नाउँको खाता नं. २०८७९७५७७६८५४०१ मा मिति २०७५-०६-१५ मा के कति रकम मौजदात रहेको थियो सो को स्टेटमेन्ट सहितको जवाफ NIC ASIA बैंक, सुर्खेत शाखाबाट मगाउनु भन्ने समेत व्यहोराको यस मिति २०७७।१२।२९ गतेको आदेश।

## यस अदालतको ठहर

15. नियम बमोजिम साप्ताहिक एवं दैनिक पेशी सूचीमा चढी यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दाको अभियोगपत्र सहितको मिसिल कागजात अध्ययन गरी वादी नेपाल सरकारको तर्फवाट उपस्थित उच्च सरकारी वकील कार्यालयका विद्वान उपन्यायाधिवक्ता श्री नगेन्द्र लम्सालले प्रतिवादी प्रेमप्रकाश वली क्षेत्रीले चौरजहारी नगरपालिकाको वस पार्कको पर्खाल निर्माण सम्वन्धी ठेक्का प्राप्त गरेकोमा उक्त पर्खाल निर्माणको लागि जाहेरवाला सुदिप वि. क. लाई पेटी ठेकेदारको रुपमा नियुक्त गरी काम लगाई आएकोमा उक्त निर्माणको काम सम्पन्न भई जाहेरवालाले सो काम गराए वापतको रकम भुक्तानी माग गर्दा प्रतिवादीले आफ्नो नाममा रहेको एन आई सि एशिया वैंकको खाताको चेकवाट रु. ७,२३,७५०।— प्रतिवादीलाई दिएकोमा धारक रकम भुक्तानीका लागि वैंकमा गएकोमा चेक भुक्तानी हुनका लागी आवश्यक पर्ने रकम खातामा मौज्दात् नरहेकोले भुक्तानी हुन नसक्ने भनी चेक फिर्ता आएको व्यहोरा सम्वन्धित वैंकको पत्र र सो पत्र साथ संलग्न बैंक स्टेटमेण्टवाट पुष्टी भई रहेको छ, प्रतिवादी अनुसन्धान र अदालतमा उपस्थित नभई फरार रहेका छन्, वुझिएका प्रज्वल कुमार पुन र यज्ञवहादुर खड्काले जाहेरी व्यहोरालाई पुष्टी हुने गरी कागज गरी दिएको पाइन्छ, अदालतमा आई जाहेरी समर्थन हुने गरी जाहेरवालाले वकपत्र गरेको अवस्था छ, अभियोग मागदावीको बैङ्किङ कसूर तथा सजाय ऐन, २०६४ को दफा ३ (ग) को कसूर हुन खातामा रकम नभएको जानी जानी चेक काटी दिनु र चेक अनादर हुनु पर्याप्त छ, तसर्थ प्रतिवादीलाई अभियोग मागदावी वमोजिम सजाय गरी पाउँ भनी वहस प्रस्तुत गर्नु भयो ।

16. यसमा प्रतिवादी प्रेमप्रकाश वली क्षेत्रीले चौरजहारी नगरपालिकाको बस पार्कको पर्खाल निर्माण सम्वन्धी ठेक्काका सम्वन्धमा आफुले जाहेरवाला सुदिप वि. क. लाई दिनु पर्ने रकम वापत मिति २०७५।६।६।१५ गते आफ्नो नाममा रहेको एन आई सि एशिया वैंकमा रहेको खातावाट भुक्तानी पाउने गरी रु. ७,२३,७५०।— प्रतिवादीलाई चेक काटी दिएकोमा जाहेरवालाले आफ्नो नाउँमा लक्ष्मी वैंङ्कमा रहेको खातामा उक्त रकम जम्मा गर्न जाँदा चेक भुक्तानी हुनका लागि आवश्यक पर्ने रकम खातामा मौज्दात् नरहेकोले भुक्तानी हुन नसक्ने भनी चेक फिर्ता आएकोले

आफ्नो खातामा रकम नभएको जानी जानी चेक भुक्तानीका लागि दिने कार्य वैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) बमोजिमको कसूर भएको हुँदा प्रतिवादीलाई सोही ऐनको दफा १५ (१) वमोजिम विगो भराई सजाय समेत गरी अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ वमोजिम क्षतिपुर्ति रकम समेत भराई पाउँ भन्ने अभियोग दावी भएकोमा प्रतिवादी अनुसन्धानमा फरार रहेको र अदालतवाट जारी मिति २०७७।३।२६ को समाह्वान म्याद मिति २०७७।५।३१ मा आफ्नै हातले वुझिलिए पनि अदालतमा उपस्थित भने भएको पाइएन ।

17. उल्लिखित तथ्य र वहस जिकिर भएको प्रस्तुत मुद्दामा प्रतिवादीको कार्य वैकिङ कसूर तथा सजाय ऐन, २०६३ को दफा ३ (ग) अनुसारको कसूर हो वा होइन र प्रतिवादीलाई अभियोग मागदावी वमोजिम सजाय गर्नु पर्ने हो वा होइन र सजाय हुने हो भने के कति सजाय हुन उपयुक्त हुन्छ भन्ने सम्वन्धमा निर्णय दिनु पर्ने हुन आएको छ ।

18. निर्णय तर्फ विचार गर्दा, प्रतिवादी प्रेमप्रकाश वली क्षेत्रीले चौरजहारी नगरपालिकाको बसपार्कको पर्खाल निर्माण सम्वन्धी ठेक्का प्राप्त गरेकोमा उक्त पर्खाल निर्माणको लागि ज्यामी मजदूर समेतको व्यवस्था गरी काममा लगाउन जाहेरवाला सुदिप वि. क. लाई पेटी ठेकेदारको रुपमा नियुक्त गरी काम लगाई आएकोमा उक्त निर्माणको काम सम्पन्न भई सके पश्चात् जाहेरवालाले सो काम गराए वापतको रकम भुक्तानी माग गर्दा प्रतिवादीले मिति २०७५।६।१५ गते आफ्नो नाममा एनआईसि एशिया वैंकमा रहेको २०-८७-९७५७७६- ८५२४०१ नं. को खातावाट रकम भुक्तानी पाउने गरी ००१४४०७२९ नं. को चेकवाट रु. ७,२३,७५०।— प्रतिवादीलाई चेक काटी दिएकोमा धारक जाहेरवालाले आफ्नो नाउँमा लक्ष्मी वैंङ्कमा रहेको ००००००००००५४२००१९०२७ नं. को खातामा उक्त रकम जम्मा गर्न मिति २०७५।६।२५ गते जाँदा लक्ष्मी वैंकले क्लिरेन्सका लागि सम्वन्धित वैंकमा पठाएकोमा चेक भुक्तानी हुनका लागी आवश्यक पर्ने रकम प्रतिवादीले चेक दिएको खातामा मौज्दात् नरहेकोले भुक्तानी हुन नसक्ने भनी चेक फिर्ता आएको र उक्त कुराको जानकारी प्रतिवादीलाई गराई पुनः मिति २०७५।९।२२ एवं ०७५।९।२५ गते भुक्तानी लिन खोज्दा समेत चेक वाउन्स भई आएको तथ्य मिसिल संलग्न रहेका जाहेरी दरखास्त तथा जाहेरवालाको वकपत्र, वुझिएका प्रज्वलकुमार पुन समेतको कागज, सम्वन्धित वैंकवाट प्राप्त रिटर्न स्लीप सहितको

चेक समेतवाट देखिन आएको छ। धारकले आफ्नो नामको चेकको रकम आफ्नो खातामा जम्मा गर्नका लागि लक्ष्मी बैंकमा चेक पेश गरेको र उक्त चेक क्लिरेन्सका लागि एनआईसि एशिया वैंकमा पेश हुँदा चेकमा उल्लेख भएको अंक अनुसारको रकम निक्षेपकर्ताको खातामा नभएको कारणले भुक्तानी हुन नसकेको भन्ने एनआईसि एशिया वैंकको प. सं. २०२५ मिति २०७८।१।२ को पत्र र संलग्न स्टेटमेण्टवाट पुष्टी भई रहेको छ । उक्त पत्रवाट प्रतिवादी प्रेमप्रकाश वलीले धारकको नाउँमा चेक खिचेको मितिमा प्रतिवादीको उक्त चेक रहेको खातामा जम्मा रु. १,५५,६७९।- मात्र मौज्दात् रहेको भनी स्टेटमेण्ट पेश हुन आएको पाइन्छ । प्रतिवादी आफुले जाहेरवालालाई कुनै रकम दिनु पर्ने होइन वा खिचेको चेकमा भएको दस्तखत आफ्नो होइन भनी भन्न अनुसन्धान अधिकारी तथा अदालत समक्ष उपस्थित भएको पाइदैन । आफै अदालतवाट जारी म्याद वुझी म्याद भित्र उपस्थित भई अन्य जीकिर पेश गर्न नसकेको अवस्था समेतवाट प्रतिवादीले जाहेरवालालाई आफ्नो नाममा बैंकमा रहेको खाताको चेक काटी भुक्तानीका लागि दिएको र त्यस चेकमा भएको सहीछाप आफ्नो भएको स्विकारी चुप लागी वसेको पाइन्छ ।

19. अभियोग मागदावीको वैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा ३ मा **"कसैले पनि वैंक वा वित्तीय संस्थामा खाता खोल्दा वा रकम भुक्तानी माग गर्दा देहायको कार्य गर्न हुँदैन"** भनी खण्ड (ग) मा **"आफ्नो खातामा मौज्दात रकम नभएको जानी जानी चेक काटी दिन"** भन्ने उल्लेख भएको छ । यसै प्रकृतिको व्यवस्था विनिमय अधिकारपत्र ऐन, २०३४ को दफा १०७ क मा पनि छ । उक्त दफामा **"बैङ्कमा आफ्नो निक्षेप छैन वा भए पनि पर्याप्त छैन भन्ने जानी जानी कुनै व्यक्तिले चेक काटी कसैलाई हस्तान्तरण गरेमा र त्यसरी हस्तान्तरण गरिएको चेक अनादर भएमा चेक काट्ने व्यक्तिवाट चेकमा उल्लेखित रकम र व्याज समेत धारकलाई भराई चेक काट्ने व्यक्तिलाई तीन महिनासम्म कैद वा तीन हजार रुपैयासम्म जरिवाना वा दुवै सजाय हुनेछ"** भन्ने कानूनी व्यवस्था भएको पाइन्छ । विगतमा यसै व्यवस्था अनुसार दुनियावादी फौजदारी कसूरको रुपमा कारवाही र सजाय गरिंदै आएकोमा वैंङ्किङ कसूर तथा सजाय ऐन, २०६४ को मिति २०७३।६।१८ मा भएको पहिलो संशोधनले वैङ्किङ्ग तथा वित्तीय प्रणालीको कारोवारमा हुन सक्ने कसूरजन्य कार्यवाट वैङ्किङ्ग तथा वित्तीय प्रणालीमा पर्ने असर र जोखिमलाई न्यून गरी बैंकिङ्ग तथा वित्तीय प्रणाली प्रति विश्वसनीयता अभिवृद्धी गर्ने प्रयोजनार्थ वैङ्किङ्ग कसूर तथा सजायका सम्वन्धमा व्यवस्था गर्नका लागि दफा ३ को

व्यवस्थालाई थप प्रष्ट पारी यस कार्यलाई सरकारवादी फौजदारी अन्तर्गतको कसूर परिभाषित गरेको र सरकारी मुद्दा सम्वन्धी ऐन, २०४९ को अनुसूचि १ भित्र राखेको पाइन्छ ।यसवाट राज्यले यस किसिमको कार्यवाट वैंक तथा वित्तीय क्षेत्रलाई जोगाउन आवश्यक ठानी उच्च प्राथमिकता दिई कानून संशोधन गरेको रहेछ भन्ने वुझिन्छ ।

20. वैङ्किङ्ग कसूर सम्वन्धी मुद्दामा सम्मानित सर्वोच्च अदालतवाट आफुले काटेको चेकलाई खाम्ने रकम आफ्नो खातामा नभएको जानी जानी चेक काटी वैङ्क तथा वित्तीय प्रणालीमा असर पार्ने गरी भुक्तानी लिने दिने कार्य मात्र वैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४ अन्तर्गत पर्ने स्पष्ट भएको भनी प्रतिपादन गरेको सिद्धान्त भन्दा अलग हालको कानूनले आफ्नो खातामा पर्याप्त रकम छैन भन्ने जान्दा जान्दै चेक काटि भुक्तानी माग गरिएको छ भने मात्र पनि उक्त कार्य दफा ३ को खण्ड (ग) को कसूर भएको मानेको छ । प्रस्तुत मुद्दामा प्रतिवादी प्रेमप्रकाश वलीले सुदिप वि. क. लाई एनआईसि एशिया वैंकको रु. ७,२३,७५०।- अङ्कको चेक काटी दिएको र क्लिरेन्स मार्फत सम्वन्धित वैंकमा भुक्तानीका लागि जाँदा खातामा पर्याप्त रकम मौज्दात् नरहेको भनी भुक्तानी हुन नसकेको अवस्था प्रमाणित भएवाट अभियोग मागदावी अनुसार प्रतिवादीले वैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा ३ (ग) अनुसारको कसूर गरेको भन्ने देखिन आएको छ ।

21. अव प्रतिवादी प्रेम प्रकाश वलीलाई के सजाय गर्नु पर्ने हो भनी हेर्दा, वैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा १५ (१) मा कसैले दफा ३ वमोजिमको कुनै कसूर गरेमा विगो खुलेकोमा विगो भराई विगो वमोजिमको जरिवाना र ३ महिनासम्म कैद हुन सक्ने गरी व्यवस्था गरेको र माथि विवेचना गरे वमोजिम प्रतिवादीले जाहेरवालालाई रु. ७,२३,७५०।— को चेक काटिदिएकोमा रकम नभएको कारणले सम्वन्धित वैकवाट चेक फिर्ता आएको भन्ने देखिन आएकोले प्रतिवादीको कार्य वैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा ३ (ग) अनुसारको कसूर भएवाट निज प्रतिवादी प्रेम प्रकाश वलीलाई मागदावीको वैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा १५ (१) अनुसार सजाय हुन सक्ने नै देखियो । सो देखिन आएकाले उक्त कानूनमा स्पष्ट प्रतिवादीलाई विगो वमोजिम जरिवाना हुने भनी उल्लेख गरेको र कैद वढीमा ३ महिनासम्म हुन सक्ने भएकोले फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७३ को दफा ६ तथा दफा ८ वमोजिम सजाय निर्धारणका लागि छुट्टै सुनवाईको आवश्यकता रहेन ।

जरिवानाको रकम स्पष्ट कानूनले नै निर्धारण गरी तोकेकोले प्रतिवादीलाई कति कैद गर्नु उपयुक्त हुन्छ भनी विचार गर्दा प्रस्तुत विवादको प्रकृति तथा प्रतिवादी अनुसन्धान र अदालतमा उपस्थित भई सहयोग नगरेको अवस्था समेतलाई विचार गर्दा न्यूनतम अवधि कैद भएमा पनि कानूनको मनसाय पुरा हुने भएकोले १(एक) महिना मात्र कैद गर्न उपयुक्त हुने देखिन्छ ।

22. अतः माथि विवेचित र विश्लेषित आधार कारण समेतवाट यसमा प्रतिवादी प्रेमप्रकाश वली क्षेत्रीले अभियोग मागदावी वमोजिम वैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) अनुसारको कसूर गरेको ठहर्छ । सो ठहर्नाले प्रतिवादीलाई सोही ऐनको दफा १५ (१) ले १ (एक) महिना कैद र विगो रु. ७,२३,७५०।— (सात लाख तेइस हज्जार सात सय पचास) जाहेरवालालाई भराई सोही विगो वमोजिम जरिवाना समेत हुन्छ । साथै अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१(३) वमोजिम प्रतिवादीवाट रु. २८,९५०।— क्षतिपुर्ति शुल्क वापत पीडित राहत कोषमा वुझाउनु पर्ने ठहर्छ । अरुमा तपसिल वमोजिम गर्नुहोला ।

<u>तपसिल</u>

- प्रतिवादी प्रेमप्रकाश वलीलाई फैसला वमोजिम लागेको १ (एक) महिना कैद निज अदालतमा अनुपस्थित हुँदा लगत राखी मुद्दा अन्तिम भए पछि असुल गर्नू भनी रुकुम पश्चिम जिल्ला अदालतलाई पत्र लेख्नुहोला---------------१
- प्रतिवादी प्रेमप्रकाश वलीलाई फैसला वमोजिम रु. ७,२३,७५०।— जरिवाना लागेको र निज अदालतमा अनुपस्थित हुँदा लगत राखी मुद्दा अन्तिम भए पछि असुल गर्नू भनी रुकुम पश्चिम जिल्ला अदालतलाई पत्र लेख्नुहोला----२
- जाहेरवालाले पाउनु पर्ने विगो रु. ७,२३,७५०।— मुद्दा अन्तिम भए पछि कानून वमोजिम भराई दिनुहोला--------------------------------------३
- प्रतिवादीवाट रु.२८,९५०।— क्षतिपुर्ति शुल्क वापत पीडित राहत कोषमा दाखिल गर्न लगाउनु होला भनी रुकुम पश्चिम जिल्ला अदालतलाई पत्र लेख्नुहोला-------------------------------------------------------४
- प्रस्तुत मुद्दाको फैसलाको प्रतिलिपी सहितको जानकारी उच्च सरकारी वकील कार्यालय, सुर्खेतलाई दिनुहोला --------------------------------------५

- प्रतिवादीबाट विगो भरी पाउने ठहरेकोले सो को जानकारी जाहेरवालालाई दिनु होला-----------------------------------------------------------६
- दायरीको लगत कट्टा गरी फैसलाको विद्युतीय प्रति अपलोड गरी मिसिल सुरक्षित राख्न अभिलेख शाखामा बुझाई दिनुहोला -----------------------७

उक्त रायमा म सहमत छु ।

(राजेन्द्र सुवेदी)
न्यायाधीश

(राजेन्द्र खरेल)
न्यायाधीश

इतिसम्वत् २०७८ साल असार १६ गते रोज ४ शुभम् ..............................................।
फैसला प्रमाणिकरण मिति २०७।३।

न्यायाधीश

अदालतको छाप